# गोदावरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
अत्तरिया, कैलाली
## सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.:- ०७७/७८(सा.वि.)
च.न.:-

## साना परियोजना सहयोग कोष अन्तर्गत परियोजना प्रस्ताव आवाह्न सम्वन्धी सुचना ।

**प्रथम पटक प्रकाशित मिति : २०७७/०७/२०**

यस गोदावरी नगरपालिकाले जी.आई.जेड.को स्थानीय तथा प्रादेशिक आर्थिक विकास (एलपीईडी) परियोजनासँग स्थानीय आर्थिक विकासको लागि सहकार्य गर्दै आईरहेको छ । यसै सन्दर्भमा यस नगरक्षेत्र भित्र दर्ता रहि सञ्चालनमा रहेका सहकारी तथा उद्यमहरुलाई प्रतिस्पर्धात्मक विधीबाट परियोजना प्रस्तावनाहरूको छनौट गरी सहयोग प्रदान गर्ने "साना परियोजना सहयोग कोष" कार्यक्रम संचालन गर्न गइरहेका छौं । यस कार्यक्रम अन्तर्गत स्थानीय आर्थिक विकासका लागि छनौट गरिएका मूल्यश्रृंखलाहरु फलफूल तथा तरकारी, बाख्रा, कुखुरा, दुग्ध एवं पर्यटन प्रवर्द्धन तथा कोभिड-१९ र त्यसबाट स्थानीय आर्थिक विकासमा पर्ने गएको असरलाई सम्बोधन गर्दै नयाँ उत्पादन वा सेवा सहितका नवीन व्यावसायिक अवधारणाहरूको पहिचानमा सहयोग पुऱ्याउने उद्देश्य रहेको छ ।

यस "साना परियोजना सहयोग कोष" कार्यक्रम मार्फत सहकारी तथा उद्यमहरुले पेश गरेका परियोजना प्रस्तावको आधारमा उत्कृष्ट कम्तिमा ३ वटा परियोजनालाई अधिक्तम प्रति परियोजना रु.१० लाखसम्म सहयोग प्रदान गरिनेछ । यस अन्तर्गत परियोजना अवधी सम्झौतामा हस्ताक्षर भएको मितिदेखि एक वर्षसम्मको रहनेछ ।

**प्रस्तावित परियोजनाहरुको मुल्यांकन निम्न शर्त एवं मापदण्ड अनुसार गरिने छ :**

१. नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भई गोदावरी नगरपालिका नगर क्षेत्रभित्र स्थापना र सञ्चालनमा रहेका सहकारी वा उद्यमहरू ।

२. सहकारीहरूको हकमा कुल प्रस्तावित परियोजनाको कम्तिमा २५% र उद्यमहरूका लागि कम्तिमा ५०% योगदान आवेदकबाट गर्नुपर्नेछ । सहयोग रकम परियोजना एवं व्यवसाय हेरी अधिक्तम रु. १०,००,०००।- मा नबढ्ने गरी प्रदान गरिनेछ ।

३. प्रत्येक सहकारी/उद्यमले केवल एउटा प्रस्ताव पेश गर्न सक्नेछ । यद्यपी संयुक्त प्रस्तावहरूलाई प्रोत्साहित गरिनेछ ।

४. प्रस्तावित परियोजनाले कोभिड-१९ ले ल्याएका आवश्यकताहरू एवं चुनौतीहरूलाई सम्बोधन गर्दै आर्थिक विकास/उद्यम विकासलाई सहयोग पुऱ्याउने उपायहरू निम्न बुँदाहरूसँग सम्बद्ध गराई सान्दर्भिकता प्रमाणित गर्नुपर्नेछ :

- नगरपालिकाका प्राथमिकता र प्रतिस्पर्धात्मक लाभका क्षेत्रहरूसँग मेलखाने परियोजनाहरुलाई प्राथमिकता दिइनेछ ।

**प्राथमिकता र प्रतिस्पर्धात्मक लाभका क्षेत्रहरू**

- व्यवसायिक कृषि
- व्यापार
- सानो लगानीका उत्पादन
- पर्यटन

५. प्रस्तावक सहकारीहरूमा कम्तिमा २५% सदस्यहरू पछि परेका समूदाय (Disadvantaged Groups) बाट हुनुपर्नेछ ।

प्रमुख प्रशासकिय अधिकृत

६. महिला तथा पछि परेका विपन्न समूहबाट नेतृत्व गरिएका उद्यमहरूलाई प्राथमिकता दिइनेछ ।

उक्त मापदण्डहरु भित्र रही प्रतिस्पर्धामा भाग लिन ईच्छुक सहकारी/उद्यमहरुले यस नगरपालिकाको यस कार्यक्रमको लागि उपलब्ध गराउने परियोजना प्रस्ताव फाराम भरी प्रस्तावसँगै निम्नानुसारका कागजपत्रहरुका प्रतिलिपिहरु सहित यो सुचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा यस कार्यालयको सामाजिक तथाआर्थिक विकास शाखामा आवेदन दर्ता गराउनु पर्नेछः । साथै आवेदन दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन आवेदन दर्ता गन सकिने छ ।

- सहकारी/व्यवसाय दर्ता प्रमाणपत्रहरु
- कर दर्ता (PAN/VAT) प्रमाणपत्र
- कर छुट वा कर चुक्ता प्रमाणपत्रहरु
- कारोवार क्षेत्र खुल्ने कागजातहरु (सहकारीको हकमा विनियमको सम्बन्धित पेजको प्रतिलिपि)
- पछिल्लो आ.व.को लेखा परिक्षण गरिएका वित्तिय विवरणहरु

परियोजना प्रस्ताव फाराम यस गोदावरी नगरपालिकाको website www.godawarimunkailali.gov.np बाट download गर्न सकिनेछ वा यस कार्यालयको सामाजिक तथा आर्थिक विकास शाखाबाट उपलब्ध गराईनेछ । कार्यक्रमको बारेमा थप जानकारीको लागि "साना परियोजना सहयोग कोष" कार्यक्रमका सम्पर्क व्यक्ति श्री शिव राज भाट, फोन नं. ९८४८४२८१९१ तथा स्थानीय तथा प्रादेशिक आर्थिक विकास (एलपीईडी) परियोजनाका स्थानीय प्रतिनिधि श्री दिपक अधिकारी फोन नं. ९८५८०४००८८ लाई सम्पर्क गर्न सक्नु हुनेछ ।

गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

२०७६।६।१३

प्रमुख प्रशासकिय अधिकृत

# गोदावरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
अत्तरिया, कैलाली
## सुदूरपश्चिम प्रदेश, नेपाल

"साना परियोजना सहयोग कोष" कार्यक्रम

# परियोजना प्रस्ताव

### परिशिष्ट १- परियोजना प्रस्ताव ढाँचा

| | |
|---|---|
| **प्रस्तावकको सामान्य जानकारी** | |
| सहकारी/उद्यमको नाम (यदि संयुक्त प्रस्ताव हो भने, नेतृत्व गर्नेको नाम उल्लेख गर्नुहोस्) | |
| सम्पर्क व्यक्तिको नाम र सम्पर्क विवरण | |
| ठेगाना | |
| स्थापना मिति र दर्ता गरिएको नगरपालिका | |
| सहकारी/उद्यमहरु संचालनमा रहेका नगरपालिका/कार्यक्षेत्रहरु | |
| सहकारी/उद्यमको संक्षिप्त प्रोफाइल (५०० शब्दमा सिमित राख्नुहोस्) सहकारीको हकमा कृपया विपन्न समूहमा रहेका सदस्यहरूको प्रतिशत सहितको विवरण उल्लेख गर्नुहोस्।[१] | |
| **प्रस्तावित परियोजनाको रूपरेखाः** | |
| मूल्यश्रृंखलाका क्षेत्र/उप क्षेत्र | **फलफूल तथा तरकारी, बाखा, कुखुरा, दुग्ध एवं पर्यटन अथवा अन्य (उल्लेख गर्नुहोस)** |
| परियोजनाको उद्देश्य | |
| प्रस्तावित परियोजनाको अवधारणा / रुपरेखा | मार्गदर्शक प्रश्नहरू<br>१. यस परियोजनाले समाधान गर्न खोजेको मूल्यश्रृंखलाको मूल समस्या के हो ? यदि चुनौतीहरू प्रत्यक्ष रूपमा कोभिड-१९ सँग जोडिएका छन् भने, कसरी जोडिएका छन् उल्लेख गर्नुहोस् । |

---

[१]विपन्न समूहलेनेपाल सरकारद्वारा पहिचान गरिएकाजात र जातीयताको कारणले पिछडिएका व्यक्तिहरू र गरीब मानिसहरूलाई जनाउँछ ।

<table>
<tr><td></td><td>२. माथि उल्लेख गरिएका समस्याहरुको समाधानका लागि के कस्ता नविनतम उपायहरु (विशेष गरी प्रक्रिया सुधार/मूल्य अभिवृद्धि /आर्थिक राहत र प्रतिकार्य (Recovery) लागि) सोच्नु भएको छ व्याख्या गर्नुहोस् ।<br><br>३.प्रस्तावित परियोजनाले तपाईंको सहकारी/उद्यमको व्यावसायिक वृद्धि गर्न कसरी सहयोग गर्दछ ?<br><br>४. प्रस्तावित परियोजनाले वातावरणीय दिगोपनालाई कसरी सहयोग गर्दछ व्याख्या गर्नुहोस् ।</td></tr>
<tr><td>प्रस्तावित परियोजना संचालन गरिने लक्षित स्थान र लाभग्राहीहरु</td><td></td></tr>
<tr><td>प्रस्तावित परियोजनाको उद्देश्य हासिल गर्ने क्रियाकलापहरू परिभाषित गर्नुहोस्</td><td><table>
<tr><th>क्रियाकलाप (Activities)</th><th>कोसेढुंगा (Milestones)</th><th>समयरेखा (Timeline)</th><th>कैफियत (Remarks)</th></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
</table></td></tr>
<tr><td>प्रस्तावित परियोजनाको दिगोपना</td><td>प्रस्तावित परियोजनाले अतिरिक्त आय श्रृजना अथवा व्यापारको लागत कटौतीमा कसरी सहयोग गर्दछ ? आपूर्ति श्रृंखला/बजार सम्बन्ध कसरी सुनिश्चित हुन्छ ?</td></tr>
<tr><td>संभावित जोखिम र न्यूनीकरणका उपायहरु</td><td>प्रस्तावित परियोजना कार्यान्वयनका लागि के कस्ता प्रकारका जोखिमहरु महसुस गर्नु भएको छ र सम्भावित निवारणका उपायहरू के हुन सक्छन् ?</td></tr>
<tr><td>अन्य कुनै निकाय तथा विकास साझेदारहरूबाट सहयोग प्राप्त कुनै परियोजनाहरु संचालित भएमा उल्लेख गर्नुहोस । ( प्राप्त सहयोग रकमको जानकारी सहित)</td><td></td></tr>
<tr><td>प्रस्तावित परियोजनाको अनुमानित लागत र प्रस्तावक स्वयंको आर्थिक योगदानको स्पष्ट विवरण ।</td><td>प्रस्तावित परियोजना कार्यान्वयनका लागि आवश्यक एवं मान्य बजेट शीर्षक<br>• स्रोत व्यक्तिः प्रशिक्षण तथा क्षमता विकासकाउपायहरूको लागि<br>• इनपुट सामग्रीहरु (Input Materials)<br>• प्रस्तावित परियोजना कार्यान्वयनसँग सम्बन्धित साना उपकरणहरू<br>• बजार प्रवर्द्धनका लागि आवश्यक लागत खर्चहरु<br>• क्रियाकलापसँग सम्बन्धित आपूर्ति लागत खर्चहरु (Logistic Costs)</td></tr>
</table>

<table>
<tr>
<td></td>
<td>
<ul><li>अन्य कुनै लागत खर्चहरु (शिर्षक उल्लेख गर्नुहोस्)</li></ul>
<table>
<tr><th>क्रियाकलाप</th><th>दर</th><th>परिमाण</th><th>कुल लागत</th><th>स्वः योगदान</th><th>अन्य योगदान</th><th>जीआइ जेडको सहयोग</th></tr>
<tr><td>१ क्रियाकलाप</td><td></td><td>Xxx</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
कुल परियोजना लागतः<br>
आवेदकको योगदानः<br>
जीआइजेड/स्थानीय र प्रादेशिक आर्थिक विकास (एलपीइडी)बाट अपेक्षित सहयोगः<br>
विकास साझेदार/संस्थाबाट अन्य सहयोग, यदि कुनै छ भने :
</td>
</tr>
<tr>
<td>संस्थागत सुशासनलाई कसरी प्रवर्द्दन गर्नु भएको छ ? ( पारदर्शिता, सहभागीता, निर्णय प्रक्रिया, जवाफदेहिता)</td>
<td></td>
</tr>
</table>

**परियोजना प्रस्ताव माथि उल्लिखित ढाँचामा भरी सूचनाको म्याद भित्र कार्यालय समयमा गोदावरी नगरपालि, अत्तरिया कैलालीमा दर्ता गर्नुपर्ने छ ।**